## त्रिभुवन विश्वविद्यालय
## प्राणीशास्त्र केन्द्रीय विभाग
## कीर्तिपुर

# नीति सङ्क्षेप


## मधेस प्रदेशमा वन्यजन्तुहरूको उपस्थिति र तिनीहरूको संरक्षण रणनीति- २०८१

### नीति सिफारिसको सारांश

नेपालको मधेस प्रदेशमा वन्यजन्तुहरूको उपस्थिति उल्लेख्य मात्रामा रहेको र तिनले उक्त प्रदेशको जैविक विविधता संरक्षणमा महत्वपूर्ण स्थान ओगटेको पाइन्छ, जसअन्तर्गत १६३ प्रकारका मत्स्य वर्ग ११९, प्रकारका उभयचर ५७८ प्रकारका चराचुरुङ्गी र ९० प्रकारका स्तनधारी जीवजन्तु रहेका छन् । यी जीवजन्तुहरू मानवजन्य क्रियाकलाप जस्तै: वासस्थान अतिक्रमण, अव्यवस्थित प्राकृतिक स्रोतको दोहन, तीव्र भौतिक पूर्वाधारको संरचना निर्माण आदिबाट ग्रसित छन् । संरक्षित क्षेत्र बाहेकको चुरे भू-खण्डअन्तर्गतका अति संवेदनशील वासस्थानको पर्याप्त विवरण उपलब्ध नभएकाले यस संरक्षण रणनीतिअन्तर्गत जैविक मार्गहरूको स्थापना र वासस्थान संरक्षण नीतिहरूको निर्माण अनि स्थानीय जनताको दिगो जीविका प्रवर्द्धनलाई प्राथमिकता प्रदान गरिएको हो । सर्लाही र धनुषा जिल्लामा वन क्षेत्रको संरक्षण, उतर-दक्षिण वन र नदीवरिपरि जैविक मार्गहरूको स्थापना, पर्यावरण-मैत्री भौतिक संरचनाहरूको निर्माण, जङ्गली जनावरको चोरीसिकारी नियन्त्रण र समस्या उत्पन्न गर्ने वन्यजन्तुहरूको स्थानान्तरण र व्यवस्थापन आदि सिफरिस गरिएका मुख्य रणनीतिहरू हुन् ।

### वन्यजन्तु विविधताको सन्दर्भमा चुनौती

नेपालमा हुनेगरेका धेरैजसो अनुसन्धान संरक्षण क्षेत्रभित्र मात्र केन्द्रित रहेको परिप्रेक्ष्यमा संरक्षण क्षेत्रबाहिर रहेका जीवजन्तुको अद्यावधिक विवरण र प्रचुरता बारे ज्ञानको अभाव रहेको पाइन्छ र त्यसमा पनि विशेष गरेर मधेस प्रदेशमा । अद्यावधिक प्रमाणहरूलाई ध्यानमा राखी परिमाणात्मक अनुपातमा बहुलतामा रहेका स्तनधारी जनावरहरू र चराचुरुङ्गी, जलचर र सरीसृप




प्रजातिहरूको अभिलेख अपूर्ण देखिन्छ । मानव-वन्यजन्तु द्वन्द, वासस्थानको क्षयीकरण तथा वन्यजन्तुको गैर-कानुनी बिक्रीवितरण चरम रूपमा

बढ्दो छ, जसका प्रमुख कारक तत्वमा वनफडानी, कृषि क्षेत्रको विस्तार, डढेलो, मानव वासस्थानको विस्तार, अव्यवस्थित सहरीकरण आदि हुन् । मधेस प्रदेश, विशेष गरी चुरे क्षेत्रभित्र वन फडानीका कारणले मरुभूमिकरणतर्फ उन्मुख रहेकाले जैविक विविधताको क्षय र वासस्थान खण्डीकरणको समस्याले ग्रसित छ । मधेश प्रदेश पाटे बाघ, हात्ती, चितुवालगायत अन्य सङ्कटापन्न प्रजातिहरूको वासस्थान रहेकोले यस्ता वासस्थानको संरक्षण र जैविक मार्गहरूको छुट्टै महत्व छ । हालसम्म भएका परियोजनाहरू जस्तै राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन भएपनि जीवजन्तुको विविधता, वासस्थानको उपयुक्तता र त्यसमा सामुदायिक सहभागिताको अवसर सिर्जना गरिनुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

### दिगो विकासको मार्ग-चित्र

यो संरक्षण रणनीति मधेस प्रदेशमा विद्यमान मेरुदण्डीय जनावरहरूको पारिस्थितिकीय प्रणालीको सह-सञ्चालन, दिगो जनजीविकाको सहजीकरणका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको परिपालनसँग सम्बन्धित छ । संयुक्त राष्ट्रसङ्घीय रियो+२० सम्मेलनद्वारा पारित अभिसन्धि, जसमा जैविक विविधता संरक्षण प्रमुख रहेको छ र त्यसको परिपूर्णताका लागि मधेस प्रदेशका सङ्कटापन्न प्रजातिहरू र तिनीहरूले निर्वाह गर्ने परिस्थितकीय भूमिकाको महत्व अत्यन्त सबल छ । जैविक विविधतासम्बन्धी महासन्धिले वासस्थान संरक्षण र प्रजातिहरूको संरक्षणको आह्वान गर्दछ, जुन मधेसमा अत्यन्त आवश्यक भएको छ, जहाँ वन फँडानी, वासस्थान खण्डीकरण र मानव-वन्यजन्तु द्वन्द्व तीव्र बन्दै गएको छ । नेपालको राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (NBSAP) ले संरक्षित क्षेत्र बाहिरको जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिएको छ, जसले गर्दा समृद्ध तर संवेदनशील वन्यजन्तुहरू रहेको मधेस क्षेत्र एक महत्वपूर्ण केन्द्रबिन्दु बनेको छ । साथै, यस रणनीतिले (Kunming–Montreal Global Biodiversity Framework) उजागर गरेको जैविक विविधता संरक्षण मुनाफाको न्यायसङ्गत वितरणलगायत नयाँ (NBSAP) तयार पारिने प्रक्रियामा छ, जसको उद्देश्य नेपालको जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्नु, लाभको समान वितरण

सुनिश्चित गर्नु र प्रजातिहरूको क्षय रोक्दै राष्ट्रिय विकास तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउनु हो । यस लक्ष्य प्राप्तिका लागि चुरे क्षेत्रमा दिगो स्रोत व्यवस्थापनलाई प्रमुख प्राथमिकतामा राखिएको छ, जसले जैविक विविधताको क्षति रोकथाम र पारिस्थितिकीय प्रणालिको पुनर्स्थापनालाई प्रोत्साहित गर्दछ ।

## विधि

यो नीतिगत सारले मधेस प्रदेशमा रहेका जीवजन्तुको स्थलगत अध्ययन, नीतिनिर्माताहरूसँगको परामर्श, तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय जैविक विविधता संरक्षण नीतिहरूको समग्र समीक्षामार्फत ल्याइएका प्रमुख निष्कर्षहरू र नीतिगत सिफारिसहरू प्रस्तुत गरेको छ । माछा, सरीसृप, चराचुरुङ्गी र स्तनधारी प्रजातिहरूको उपस्थिति र प्रचुरताको पुष्टि गर्न प्रजाति-विशेष विधिहरू प्रयोग गरिएको थियो । स्थलगत अध्ययनले यी प्रजातिहरूमा पर्ने प्राकृतिक तथा मानवीय खतराहरूको मूल्याङ्कन गर्न पनि सहयोग पुऱ्यायो । साथै, मानव-वन्यजन्तु द्वन्द र त्यसको सम्भावित न्यूनीकरणका उपायहरूको मूल्याङ्कन, स्थानीय समुदाय र वन्यजन्तुबीच सह-अस्तित्व प्रवर्द्धन गर्ने उद्देश्यले प्रश्नावली सर्वेक्षण गरिएको थियो । प्राप्त निष्कर्षहरूले जैविक विविधता संरक्षण प्रयासहरूलाई सुदृढ पार्न र मधेस प्रदेशमा दिगो मानव-वन्यजन्तु सह-अस्तित्व विकसित गर्नका निम्ति मार्गदर्शन गर्न यो अध्ययनले सहजीकरण गर्दछ ।


## अब के गर्ने ?

**वासस्थान सञ्जाल:** चुरे क्षेत्रमा संरक्षण क्षेत्रको स्थापनाले पर्सा राष्ट्रिय निकुन्ज र कोशी टप्पु वन्यजन्तु आरक्षलाई जोड्ने काम गर्दछ, जसले वन्यजन्तुहरूको आवतजावतमा सहजीकरण गर्ने गर्दछ । यसका साथै नयाँ जैविक मार्गहरूको स्थापना र भइराखेका जैविक मार्गहरूको पुनर्ताजगीले बाघ, चितुवा, भालु, हात्तीलगायतका अन्य पनि महत्वपूर्ण वन्यजन्तुहरूको संरक्षणमा मद्दत पुऱ्याउँदछ । यसका अतिरिक्त चराचुरुङ्गी र अन्य प्रजातिहरूको संरक्षण गर्दा खण्डित जङ्गल र नदी करिडोरहरूको पनि आवश्यकता देखिन्छ ।



**प्राथमिकता प्राप्त जङ्गल:** जानकीनगर-मुर्तिया जङ्गल, सागरनाथ र वरपरको क्षेत्र, मातिधाँटी जङ्गल, धनुषाधाम संरक्षित वनहरूको व्यवस्थापन गर्ने ।

**उत्तर-दक्षिण जैविक मार्ग:** जलाध खोला, कमला खोला, धनुषाधाम-बालुवा खोला, लखनदेही नदी र नदी आसपासका स्थलको संरक्षण व्यवस्थापन गर्ने ।




**प्राथमिकता प्राप्त जलाधार:** कोशी, कमला, बागमती, सिराहाको लाल बकैया तालको संरक्षण व्यवस्थापन गर्ने ।

**द्वन्द्व निवारण:** वन्यजन्तु-मैत्री बाटोघाटो, पुल, निर्माण आदि र समस्याप्रदत्त वन्यजन्तु जस्तै निल गाई, बाँदर, बँदेल आदिको मुख्य वासस्थान चितवन राष्ट्रिय निकुन्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, शुक्ला फाँटा राष्ट्रिय निकुञ्ज आदि जहाँ बाघको प्रधानता छ, त्यहाँ स्थानान्तरण कार्य गर्ने । पूर्व-पश्चिम जैविक मार्ग मा भइरहेको मानव- वन्यजन्तु द्वन्द व्यवथापनको लागि बन जंगल लगायत अन्य बासस्थानको उचित संरक्षण गर्ने ।




**अनुसन्धान र सुपरिवेक्षण:** प्रजातिहरूको वितरण त्यसको पारिस्थितिकीय प्रवृत्तिहरूको यथोचित अनुसन्धान गर्ने ।

**सीमापार सहकार्य:** नेपालको भारतसँगको सिमाना र त्यहाँ हुने वन्यजन्तुको आवतजावत र समस्याग्रस्त वन्यजन्तुको आवगमनका लागि सिमानामा रहेको मुलुकसँग सहकार्य गरिनुपर्ने ।

हरिप्रसाद शर्मा[1], विष्णुप्रसाद भट्टराई[1], हेमबहादुर कटुवाल[2], सबिना कोइराला[2]
[1]प्राणीशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
[2]नेपाल जोलोजिकल सोसाइटी, कीर्तिपुर

**आर्थिक सहयोग:** राष्ट्रिय प्राथमिकता क्षेत्र परियोजना अनुसन्धान कोष अनुसन्धान समन्वय तथा विकास परिषद्, त्रिभुवन विश्वविद्यालय (TU-NPAR-2078/79-ERG-04)